# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, कात्तिक २६ गते २०५२ साल (अतिरिक्ताङ्क ३० (क)

## भाग ३

### महालेखा परीक्षकको विभागको

### सूचना १

महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम १५६ ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले सोही नियमावलीको अनुसूची– ७ को सट्टा देहायको अनुसूची– ७ राखी हेरफेर गरेको छ ।

अनुसूची– ७

(नियम ५६ सँग सम्बन्धित)

श्रेणी विहीन पदहरू

१. हेभी सवारी चालकः–

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

२. हल्का सवारी चालकः–

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

(घ) चतुर्थ स्तर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८६

३. परिचर स्तरका पदहरू:–

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

४. महालेखा परीक्षकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदहरू ।

## सूचना २

महालेखा परीक्षकको विभागका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ५९ को उप-नियम (५) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले लेखापरीक्षण सेवामा कार्यरत श्रेणी विहीन हेभी सवारी चालक र हल्का सवारी चालक तथा परिचर स्तरका पदहरूमा देहायबमोजिम स्तर वृद्धि व्यवस्था लागू गरेको छ:–

### (क) हेभी सवारी चालक

| क.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हेभी सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त । |
| २. | द्वितीय स्तर | हेभी सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक प्रथम स्तरमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मतसम्बन्धी साधारण ज्ञान प्राप्त । |
| ३. | तृतीय स्तर | हेभी सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक द्वितीय स्तरमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मतसम्बन्धी साधारण ज्ञान प्राप्त । |

### (ख) हल्का सवारी चालक

| क.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हल्का सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त । |



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

२. द्वितीय स्तर हल्का सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक प्रथम स्तरको पदमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मतसम्बन्धी साधारण ज्ञान प्राप्त ।

३. तृतीय स्तर हल्का सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक द्वितीय स्तरमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मतसम्बन्धी साधारण ज्ञान प्राप्त ।

४ चतुर्थ स्तर हल्का सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक तृतीय स्तरमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मतसम्बन्धी साधारण ज्ञान प्राप्त ।

(ग) परिचर स्तर

| क.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | साधारण लेखपढ गर्न जान्ने । |
| २. | द्वितीय स्तर | साधारण लेखपढ गर्न जानेको र परिचर वा सो सरहको प्रथम स्तरमा कम्तीमा दश वर्ष स्थायी सेवा गरेको । |
| ३. | तृतीय स्तर | साधारण लेखपढ गर्न जानेको र परिचर वा सो सरहको द्वितीय स्तरमा कम्तीमा दश वर्ष स्थायी सेवा गरेको । |

स्पष्टीकरणः—

१. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका बखत कार्यरत हेभी सवारी चालकहरू मध्ये पाँच वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तरमा कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा र कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तर कायम गरी स्तर वृद्धि गरिनेछ

२. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका बखत कार्यरत हल्का सवारी चालकहरू मध्ये पाँच वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तरमा कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा, कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तरमा र कम्तीमा पन्ध्र वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई चतुर्थ स्तर कायम गरी स्तर वृद्धि गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका बखत कार्यरत परिचर स्तरका कर्मचारी-हरूमध्ये दश वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तर कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा र कम्तीमा बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तर कायम गरी स्तर वृद्धि गरिनेछ ।

आज्ञाले,
विष्णुबहादुर के.सी.
उप-महालेखापरीक्षक



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
२३०